# प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्त्वहरू

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन
विभाग स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको आंशिक
आवश्यकता परिपूर्तिको लागि
तयार पारिएको

**शोधपत्र**


शोधकर्ता
गणेशप्रसाद दाहाल
क्याम्पस क्रमाङ्कः ३६/२०६५
परीक्षा क्रमाङ्क २३३००२१/०६६
त्रि.वि.द.नं.: ४८५०४/८८
सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली

२०७०

प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू – गणेशप्रसाद दाहाल, २०७०

☎ 047-520066
त्रिभुवन विश्वविद्यालय तथा उच्च माध्यमिक शिक्षा परिषद्‌बाट सम्बन्धन प्राप्त
सिन्धुली बहुमुखी क्याम्पस
कमलामाई-९, सिन्धुली
Sindhuli Multiple Campus
Kamalamai-9, Sindhuli

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय सिन्धुली बहुमुखी क्याम्पस सिन्धुली, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अर्न्तगत एम.एड. दोश्रो वर्षका विद्यार्थी गणेशप्रसाद दाहालले **प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु** शीर्षकमा प्रस्तुत शोधपत्र मेरो निर्देशनमा रही तयार गर्नु भएको हो । मेहनत र परिश्रमपूर्वक तयार पारिएको यस शोध कार्यबाट म पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि शोध मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मितिः- २०७०/०९/१७

.....................................

भागवत थापा

शोध निर्देशक

# स्वीकृत पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय सिन्धुली बहुमुखी क्याम्पस सिन्धुली शैक्षिक योजना तथा व्यवस्थापन विभागका विद्यार्थी गणेशप्रसाद दाहालले स्नातकोत्तर ( एम.एड.) तहको आवश्यकता पूरा गर्ने प्रयोजनको लागि प्रस्तुत **प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु** शीर्षकको शोधपत्र शोधमूल्यांकन समितिद्वारा स्वीकृत गरिएको छ ।

## शोध मूल्यांकन समिति

| | | | |
|---|---|---|---|
| १. | श्री सारदामणि खड्का | क्याम्पस प्रमुख | ........................ |
| २. | श्री भागवत थापा | शोध निर्देशक | .......................... |
| ३. | उप प्रा.श्री नारायण प्रसाद अधिकारी | बाह्य परीक्षक | .......................... |

मितिः २०७०/११/०६

# कृतज्ञता ज्ञापन

यस शोधपत्र शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार गरिएको हो । यस शोधपत्रमा सम्बन्धित क्षेत्रमा गई प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु शीर्षकमा यो शोधपत्र तयार पारिएको हो ।

शोध प्रस्ताव स्वीकृत गरी शोधकार्य गर्ने अवसर प्रदान गरेकोमा शैक्षिक योजना तथा व्यवस्थापन विभाग सिन्धुली बहुमुखी क्याम्पसप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

शोधकार्यमा अमूल्य सहयोग तथा सुझाव प्रदान गर्नुका साथै शोधकार्यलाई खँदिलो, गहकिलो र प्रभावकारी बनाउनको लागि आवश्यक सल्लाह, सुझाव, निर्देशन तथा मार्गदर्शन गर्नुहुने सिन्धुली बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभागका शोध निर्देशक श्री भागवत थापाज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

त्यसैगरी यस शोध अध्ययनका लागि हौसला र प्रेरणा प्रदान गर्नुहुने सिन्धुली बहुमुखी क्याम्पसका अन्य आदरणीय गुरुहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोध कार्यका क्रममा आवश्यक तथ्याङ्क, सूचनाहरु उपलब्ध गराई सहयो गर्नुहुने सम्बन्धित शोधकार्यको क्रममा तथ्याङ्क संकलनमा सहयोग पुऱ्याउनु हुने सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक, विद्यार्थी, स्रोतव्यक्ति, विद्यालय निरीक्षक तथा सम्बद्ध सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

शोधपत्रको भाषागत शुद्धाशुद्धीका लागि सहयोग गरिदिनु हुने मित्र कृष्णप्रसाद निरौलाप्रति आभारी छु । यसका साथै मेरो अध्ययन र शोधकार्यमा प्रेरणा र हौसला प्रदान गरी यस अवस्थामा पुऱ्याउनको लागि उत्प्रेरित गर्ने सबै शुभेच्छुकहरुप्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु ।

अन्त्यमा यस शोधपत्रलाई समयमा नै कम्प्युटर टाइप तथा प्रिन्ट गरी आवश्यक सहयोग पुऱ्याउनु हुने ए.एस.पि.एम. कम्प्युटर सेन्टर, २ नं. बजार, सिन्धुलीका कृष्णहरि ढुङ्गेललाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

गणेशप्रसाद दाहाल

# शोधसार

*प्राथमिक तहका विद्यार्थीको सिकाइउपलब्धिमा प्रभाव पार्ने तत्वहरु शीर्षकमा यो शोधपत्र तयार गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्य प्राथमिक तहमा विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धिको लेखाजोखा गर्नु रहेको छ । यो अध्ययन गुणात्मक तथा परिमाणात्मक विधिमा आधारित रहेको छ । त्यसैगरी सम्भावनामा आधारित चिट्ठा विधिबाट ९ ओटा विद्यालयहरु, शिक्षक, विद्यार्थी र अभिभावकको छनोट गरिएको छ । यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै तथ्याङ्को स्रोतको प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली, अन्तर्वार्ता सूची, विद्यालय सर्वेक्षण फाराम, अभिलेख अध्ययन जस्ता साधनको प्रयोग गरिएको छ ।*

*अध्ययनका उत्तरदाताहरूमा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय निरीक्षक, स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू रहेका छन् । अध्ययनको व्याख्या र विश्लेषणबाट प्राप्त नतिजाअनुसार सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूअन्तर्गत छात्रवृत्ति, पुरस्कार एवम् अन्य सहयोग कार्यक्रमले विद्यार्थीहरूको भर्नादर बढाउने, बीचैमा कक्षा छाड्ने दर घटाउने, नियमितता बढाउने, कक्षोत्तीर्ण दर बढाउने र सिकाइ उपलब्धि स्थितिमा सुधार ल्याउन सहयोग गरेको पाइयो । यस अध्ययनको विश्लेषणबाट विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणाली नअपनाइनु, उदार कक्षोन्नति प्रणाली लागू नगरिनु, पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको उपलब्धता एवम् प्रयोगको कमी, नियमित र प्रभावकारी निरीक्षण एवम् अनुगमन नहुनु, शैक्षिक सामग्रीको कम प्रयोग, न्यून आर्थिक अवस्था हुनु, अभिभावकले आफ्ना छोराछोरीको पढाइप्रति चासो नदिनु आदि समस्याहरू रहेको यस अध्ययनले देखाएको छ ।*

*यस अध्ययनले सिकाइ उपलब्धिमा वृद्धि गर्नका लागि केन्द्रीय तहदेखि कार्यान्वयन तहसम्म सुधारको खाँचो रहेको देखाएको छ । पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, छात्रवृत्ति निर्देशिका तयार पारी विद्यालयमा उपलब्ध गराउनुपर्ने, शिक्षक विद्यार्थी अनुपात साविकभन्दा कम गर्नुपर्ने, विद्यालय र निरीक्षक अनुपात साविकभन्दा कम गर्नुपर्ने, सिकाइमा प्रभाव पार्ने तत्वहरूको मूल्याङ्कन अध्ययन गरी सरकारले सम्बोधन गर्नुपर्ने, निरन्तर मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नति प्रणाली सबै विद्यालयले कार्यान्वयनमा ल्याउनुपर्ने, शिक्षक तथा विद्यार्थीलाई नियमित रूपमा विद्यालयमा उपस्थित हुन प्रोत्साहित गर्नुपर्ने, शिक्षकले तालिममा सिकेका प्रभावकारी शिक्षण विधि र तरिका शिक्षणमा प्रयोग गर्नुपर्ने, अभिभावकले आफ्ना बालबालिकाको पढाइमा चासो राख्नुपर्ने, केन्द्रीय तहबाट निर्माण गरिएका नीति तथा कार्यक्रमलाई विद्यालयले चुस्त, दुरुस्त ढङ्गबाट कार्यान्वयनमा ल्याउनुपर्ने जस्ता कुराहरूलाई यस अध्ययनले सिफारिस गरेको छ ।*

# विषयसूची


| | | |
|---|---|---|
| सिफारिस पत्र | | I |
| स्वीकृति पत्र | | II |
| कृतज्ञता ज्ञापन | | III |
| शोधसार | | IV |
| सङ्क्षिप्त शब्दावली | | V |
| **परिच्छेद एक : परिचय** | | **१-८** |
| १.१. | अध्ययनको पृष्ठभूमि | १ |
| १.२. | समस्याको कथन | ६ |
| १.३. | अध्ययनको औचित्य | ७ |
| १.४. | अध्ययनको उद्देश्य | ८ |
| १.५. | अनुसन्धानात्मक प्रश्नहरू | ८ |
| १.६. | अध्ययनको परिसीमा | ८ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | | **९-१६** |
| २.१. | सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.२. | अध्ययनको सैद्धान्तिक खाका | १२ |
| २.३. | शैक्षिक उपादेयता | १५ |
| **परिच्छेद तीन : अध्ययन विधि** | | **१६-१८** |
| ३.१. | अनुसन्धानात्मक ढाँचा | १६ |
| ३.२. | तथ्याङ्क संकलन प्रक्रिया | १६ |
| ३.३. | अनुसन्धानका साधन | १७ |
| ३.४. | तथ्याङ्कका स्रोतहरू | १७ |
| ३.५. | तथ्याङ्क विश्लेषण प्रक्रिया | १८ |
| **परिच्छेद चार : नतिजाको विश्लेषण** | | **१९-३७** |
| ४.१. | विद्यार्थीहरूले प्राप्त गरेको सिकाइ उपलब्धिको लेखाजोखा | १९ |
| ४.१.१. | विद्यार्थीको भर्ना र कक्षा छाड्ने स्थिति | १९ |
| ४.१.२. | परीक्षामा सम्मिलित र कक्षा उत्तीर्ण | २० |
| ४.१.३. | विद्यार्थीहरूको सिकाइ उपलब्धि स्थिति | २१ |

४.२. सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू २३
४.२.१. योजना निर्माण २४
४.२.२. विद्यार्थी नियमितता २५
४.२.३. निरीक्षण तथा अनुगमन २६
४.२.४. तालिम २८
४.२.५. शैक्षिक सामग्री २८
४.२.६. भौतिक अवस्था ३०
४.२.७. विद्यार्थी मूल्याङ्कन ३१
४.२.८. आचारसंहिता ३२
४.२.९. गृहकार्य ३३
४.२.१०. पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको उपलब्धता एवम् प्रयोग ३४
४.२.११. छात्रवृत्ति, पुरस्कार तथा अन्य सहयोग ३५
४.३. सिकाइ उपलब्धिमा देखिएका समस्याहरू ३६
**परिच्छेद पाँच : निष्कर्ष र सुझाव ३८-४०**
५.१ निष्कर्ष ३८
५.२ सुझावहरू ३९
५.२.१ नीतिगत तह ३९
५.२.२ कार्यान्वयन ४०
५.३.३ अनुसन्धान तह ४०
सन्दर्भसूची
अनुसूची

# सङ्क्षिप्त शब्दावली

| | | |
|---|---|---|
| सि.उ. | : | सिकाइ उपलब्धि |
| वि. नि. | : | विद्यालय निरीक्षक |
| जि. शि. का. | : | जिल्ला शिक्षा कार्यालय |
| वि. व्य. स. | : | विद्यालय व्यवस्थापन समिति |
| आ. प्रा. शि. प. | : | आधारभूत तथा प्राथमिक शिक्षा परियोजना |
| शै.ज.वि.के | : | शैक्षिक जनशक्ति विकास केन्द्र |
| EDSC | : | Educational & Development Service Centre |
| AED | : | Academy for Educational Development |
| EMIS | : | Educational Management Information System |
| EFA | : | Education for All |
| BPEP | : | Basic and Primary Education Project |